## महाकाली नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ०६ | संख्याः ०५ | मितिः २०७९/०४/३१

भाग–०२


# महाकाली नगरपालिकाको स्रोतव्यक्ति व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६

## (पहिलो संशोधन २०७९)

**१. प्रस्तावना संशोधनः**

नेपालको संविधान एवम् स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा (११) उपदफा (२) को खण्ड (ज) मा आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी अधिकार प्रयोग तथा कार्यान्वयन गर्ने व्यवस्था रहेको छ। महाकाली नगर शिक्षा ऐन, २०७९ को दफा (६०) मा श्रोतकेन्द्र र श्रोतव्यक्ति सम्बन्धी व्यवस्था रहेको छ। सो अनुरुप महाकाली नगरपालिकाको शैक्षिक प्रशासन सुधार गर्ने र शैक्षिक गुणस्तर सुधार गर्न नगरपालिकाको शिक्षा शाखा व्यवस्थापनमा श्रोतव्यक्तिहरुको भूमिका प्रभावकारी बनाई कार्यान्वयन गर्न स्थानीय कानून बनाउनु वान्छनीय भएकोले,

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम बनेको महाकाली नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा (४) बमोजिम स्रोतव्यक्ति व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६ (पहिलो संशोधन, २०७९) कार्यपालिका बैठकबाट स्वीकृत गरी लागु गरिएको छ।

**२. दफा (२) को खण्ड (क) मा संशोधन**

"ऐन" भन्नाले स्थानीय सरकार संचालन, ऐन २०७४ र महाकाली नगरशिक्षा ऐन, २०७९ लाई समेत सम्झनु पर्छ।

**३. दफा (२) को खण्ड (ख) झिकिएको**

**४. दफा (२) को खण्ड (ञ) मा संशोधन**

"स्रोतव्यक्ति" भन्नाले विद्यालयको माद्यमिक तहको शिक्षक पदको शिक्षक पदमा पदाधिकार रहने गरी र महाकाली नगरपालिकामा काजमा रहेका शिक्षकलाई सम्झनु पर्दछ।

**५. दफा (२) को खण्ड (ट) मा संशोधन**

"प्रधानाध्यापक" भन्नाले महाकाली नगर शिक्षा ऐनको दफा (३६) बमोजिम नियुक्त भएको विद्यालयको प्रधानाध्यापक सम्झनु पर्छ।

**६. परिच्छेद-२ को दफाहरुमा संशोधन**

स्रोतकेन्द्र तथा स्रोतव्यक्ति व्यवस्थापन सम्बन्धी व्यवस्था

**४. स्रोतकेन्द्र स्थापना गर्ने मापदण्डहरु**

यस दफाबाट दफा संख्या १/१ घटाइ कायम गरिएको छ।

**७. दफा (४) को उपदफा (३) मा संशोधन**

नगर शिक्षा ऐनको दफा ६० अनुसार स्रोतकेन्द्र स्थापना गर्न कम्तीमा ३० विद्यालयहरुको समूह मध्ये माध्यमिक तहको विद्यालयमा केन्द्र रहने गरी स्रोतकेन्द्र कायम गर्न सकिनेछ।

**८. दफा (५) को उपदफा (१) मा संशोधन**

कूल ५० अङ्कको तपसिलको मापदण्डको आधारमा स्रोतव्यक्तिको छनौट गरिनेछ।

क) शैक्षिक योग्यता र तालिम - २०

| क्र.सं. | विवरण | प्रथम श्रेणी | द्वितीय श्रेणी | तृतीय श्रेणी |
|---|---|---|---|---|
| १ | न्यूनत्तम शैक्षिक योग्यता | १० | ९ | ८ |
| २ | माथिल्लो शैक्षिक योग्यता | ५ | ४ | ३ |
| ३ | तालिम | ४ | ४ | ३ |

ख) अनुभव-१० (अनुभव वापत प्रतिबर्ष १ अङ्कका दरले अधिकतम १० अङ्क (१ अङ्क X १० वर्ष=१०)

ग) सम्बन्धित स्थानीय तह भित्रका समूह विद्यालयमा कार्यरत व्यक्ति भएमा-५ अङ्क

घ) महिला वा दलित वा जनजाति भएमा - १.५ अङ्क,

ङ) माध्यमिक तहमा कार्यरत श्रेणीको लागि अधिकतम १.५ अङ्क

माध्यमिक तृतीय - ०.५ अङ्क

माध्यमिक द्वितीय - १ अङ्क

माध्यमिक प्रथम - १.५ अङ्क

च) व्यवस्थापन तालिम वा यस्तै अन्य सस्थाबाट कक्षा व्यवस्थापन शिक्षण विधि, अनुगमन निरीक्षण जस्ता शिक्षण सिकाइ क्रियाकलाप सँग प्रत्यक्ष सरोकार राख्ने तत्कालीन शिक्षा विभाग, शैक्षिक जनशक्ति विकास केन्द्रबाट स्रोतव्यक्ति/ विनि तालिम विषयमा कम्तीमा ७ दिने तालिमको प्रमाणपत्र वापत एकमुष्ट २ अङ्क

छ) प्रस्तावना पत्रको मूल्याङ्कनको आधारमा १० अङ्क ।

ज) स्रोतव्यक्तिको लागि प्राप्त प्रस्तावना पत्रको मूल्याङ्कन दफा (८) बमोजिम गठित समितिले गर्ने छ।

**९. दफा (५) मा देहाय उपदफा थप गरिएको**

२) उपदफा (१) बमोजिमको मापदण्डको आधारमा स्रोतव्यक्ति छनौट गर्दा ५० अङ्कको लिखित परीक्षा लिन सकिनेछ।

३) उपदफा (१) र (२) बमोजिम स्रोतव्यक्ति व्यवस्थापन हुन नसकेको अवस्थामा कार्यविधिको दफा (६) बमोजिमको योग्यता भएको नगरपालिका क्षेत्रभित्रको माध्यमिक तहमा बहालवाला माद्यमिक तहको शिक्षकहरु मध्येबाट नगर शिक्षा समितिको सिफारिसमा स्रोत व्यक्ति नियुक्त गर्न सकिनेछ।

**१०. दफा (६) को उपदफा (२) मा संशोधन**

माध्यमिक तहको शिक्षक पदमा कम्तिमा ५ वर्ष स्थायी सेवा गरेको हुनु पर्नेछ। तर महिला उम्मेदवारको हकमा त्यस्तो सेवा अवधि कम्तिमा २ वर्ष ६ महिना सेवा गरेको हुनु पर्नेछ।

**११. दफा (७) को उपदफा (२) थप**

सट्टा शिक्षक नियुक्त गर्दा स्रोतव्यक्ति जनुसुकै बिषयको शिक्षक भएतापनि विद्यालयको आवश्कताको आधारमा नगर शिक्षा समितिको अनुमति लिइ सट्टा शिक्षक नियुक्त गर्न सकिनेछ। सो वापतको आर्थिक दायित्व नगरपालिकाको हुनेछ।

**१२. दफा (९) को उपदफा (२१) मा संशोधन**

नगर शिक्षा ऐन लगायत प्रचलित कानुन बमोजिम स्रोतव्यक्तिले गर्न तोकिएको अन्य कार्यहरु गर्ने।

**१३. दफा (१०) को उपदफा (४) मा संशोधन**

स्रोतव्यक्तिले शिक्षा ऐन, नियममा शिक्षकका लागि तोकिए सरहको भैपरी आउने विदा, पर्व विदा, बिरामी विदा, प्रसुति विदा, प्रसुति स्याहार विदा र किरिया विदा पाउनेछन्।

**१४. दफा (१०) को उपदफा (८) थप**

स्रोतव्यक्तिको पोशाक निजामति कर्मचारीको लागि तोकिए बमोजिम हुनेछ।

**१५. दफा (१३) मा संशोधन**

दफा १२ बमोजिम नगरपालिकामा काजमा रहेका स्रोतव्यक्तिको शिक्षक दरबन्दी रहेको विद्यालयमा सट्टा शिक्षक नियुक्त गरी कामकाजमा लगाउन सकिनेछ। सो वापतको आर्थिक दायित्व नगरपालिकाको हुनेछ।

**आज्ञाले**
**इश्वरी ठगुन्ना**
**प्रमुख प्रशासकीय अधिकृत**

---

**महाकाली नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**खलंगा, दार्चुला**
**सुदूरपश्चिम प्रदेश, नेपाल**
**फोन नं. ०९३-४२०१३७**